# नेपाल सरकार, मन्त्रिपरिषद्‌को २०८२ भदौ २ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | २०८२ भदौ ३० देखि ३१ गतेसम्म थाइल्याण्डको बैंककमा आयोजना हुने Resilient Supply Chains and Equitable Growth in a Changing World of Work कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य डा. प्रकाश कुमार श्रेष्ठलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय | २०८२ असोज ७ देखि ९ गतेसम्म इण्डोनेसियामा आयोजना हुने Anti Corruption Initiative for Asia and the Pacific-2025 विषयक कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री नारायणप्रसाद शर्मा दुवाडीलाई सहभागी हुन स्वीकृति दिने। |
| ३ | अर्थ मन्त्रालय | २०८२ कात्तिक १० देखि १४ गतेसम्म अरब गणतन्त्र ईजिप्टको शार्म अल शेखमा हुने सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय सङ्गठनको २५औं अन्तर्राष्ट्रिय महाधिवेशनमा सहभागिता जनाउन माननीय महालेखापरीक्षक श्री तोयम राया नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ४ | अर्थ मन्त्रालय | कोटेश्वर इन्टरसेक्सन सुधार आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट प्राप्त हुने जापानी येन चौतिस अर्ब उनन्चास करोड (करिब तीस अर्ब आठ करोड रूपियाँ) सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने। |
| ५ | अर्थ मन्त्रालय | (क) अन्तर्राष्ट्रिय मुद्रा कोषको सदस्य राष्ट्रहरूको Fund Quota मा ५० प्रतिशतले वृद्धि गरिने प्रस्तावको पक्षमा सहमति प्रदान गर्ने।<br>(ख) कोटा वृद्धि गर्दा थप हुने करिब ७८.४५ मिलियन एसडिआरमध्ये सोको २५ प्रतिशत चालु आर्थिक वर्षको विनियोजित बजेटबाट र बाँकी ७५ प्रतिशत नेपाल राष्ट्र बैंकको नाममा प्रमिसरी नोट (अर्थपत्र) जारी गरी भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने। |
| ६ | अर्थ मन्त्रालय | लिज फाईनान्ससम्बन्धी विधेयक तर्जुमाको सिद्धान्त स्वीकृत गर्ने। |
| ७ | अर्थ मन्त्रालय | समृद्धिका लागि वन परियोजनाको अनुदान तथा ऋण सम्झौताको संशोधन स्वीकृत गर्ने। |
| ८ | अर्थ मन्त्रालय | छानविन समितिको सिफारिसमा नेपाल बीमा प्राधिकरणका सञ्चालक समितिका अध्यक्ष श्री शरद ओझाले खराब आचरण प्रदर्शन गरेको, कार्य क्षमताको अभाव रहेको र पदीय जिम्मेवारी पालना गरेको नदेखिएकोले निजलाई नेपाल बीमा प्राधिकरणको सञ्चालक समितिको अध्यक्ष पदबाट पदमुक्त गर्ने। |
| ९ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | मानव अधिकार पुरस्कार कोष सञ्चालन (पहिलो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। |
| १० | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | प्रशासकीय अदालतको अध्यक्षमा डा. टेक बहादुर घिमिरे, संखुवासभा तथा सदस्यहरूमा अधिवक्ता श्री नवल किशोर यादव, वीरगन्ज र श्री आलोक चन्द्र श्रेष्ठ, बागलुङलाई नियुक्त गर्ने। |
| ११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८२ भदौ २३ देखि २७ गतेसम्म युगाण्डाको कम्पालामा आयोजना हुने Asian-African Legal Consultative Organization (AALCO) को ६३औं Annual Session मा सहभागिताका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्री माननीय अजय कुमार चौरसियालाई स्वीकृति प्रदान गर्ने। |

| | | |
|---|---|---|
| १२ | खानेपानी मन्त्रालय | खानेपानी मन्त्रालयअन्तर्गत, खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोग र खानेपानी तथा ढल व्यवस्थापन विभागअन्तर्गत सञ्चालन हुने विभिन्न आयोजनाहरूको लागि अधिकृतस्तरका जम्मा ७६ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १३ | परराष्ट्र मन्त्रालय | Committee on the Elimination of Discrimination against Women (CEDAW) का सदस्य श्री बन्दना राणालाई कूटनीतिक राहदानी जारी गर्ने। |
| १४ | परराष्ट्र मन्त्रालय | थाइल्याण्डको बैंककमा २०८२ भदौ १७ र १८ गते आयोजना हुने विश्व वित्तीय संरचनासम्बन्धी एसिया सहयोग संवादको उच्चस्तरीय सम्मेलन र २० औं परराष्ट्र मन्त्रीस्तरीय बैठकमा भाग लिन माननीय परराष्ट्र मन्त्री डा. आरजु राणा देउवालाई स्वीकृति प्रदान गर्ने। |
| १५ | रक्षा मन्त्रालय | नेपाली सेनातर्फ एक जना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने, छ जना सहायक रथी र सात जना महासेनानीको सरुवा गर्ने, एकजना महासेनानीको सहायक रथीमा बढुवा गर्ने। |
| १६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, २०८२ तर्जुमा गर्न सिद्धान्त स्वीकृत गर्ने। |
| १७ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८२ भदौ २५ देखि २८ गतेसम्म रसियाको Saint-Petersburg मा आयोजना हुने Eleventh Saint Petersburg United Cultures Forum मा सहभागी हुन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव श्री हरिप्रसाद मैनालीलाई स्वीकृति प्रदान गर्ने। |
| १८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | धनकुटा नगरपालिकालाई मेक्सिकोको सिताकुआरो सहरसँग भगिनी सम्बन्ध स्थापना गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| १९ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आदिवासी जनजाति आयोगका माननीय सदस्य शरण राईलाई आदिवासी जनजाति महासंघ, हङकङले मिति २०८२ भदौ २२ गते हङकङमा आयोजना गर्ने ३१ औं विश्व आदिवासी दिवस कार्यक्रममा सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| २० | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८२ भदौ ३१ देखि असोज ७ गतेसम्म संयुक्त राज्य अमेरिकाको ब्रुमफिल्ड सहरसँग भगिनी सम्बन्ध स्थापना गर्ने कार्यक्रममा सहभागी हुन ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनलाई स्वीकृति प्रदान गर्ने। |
| २१ | मालपोत (आठौं संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। | |
| २२ | स्ट्याण्डर्ड नाप र तौल (मोहरबन्द प्याकेज) (दोस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने। | |
| २३ | राष्ट्रिय युवा नीति, २०८२ स्वीकृत गर्ने। | |
| २४ | नेपाल सरकार र दक्षिण एसिया वन्यजन्तु कानून कार्यान्वयन सञ्जालबिच हस्ताक्षर हुने Headquarter Agreement Between Government of Nepal and South Asia Wildlife Enforcement Network, 2025 स्वीकृत गर्ने। | |
| २५ | मेलमिलापसम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसदमा पेश गर्न स्वीकृति प्रदान गर्ने। | |